संघीय संसद्
राष्ट्रिय सभा

# विधायन व्यवस्थापन समिति

प्रतिनिधि सभामा उत्पत्ति भएको

## सङ्घीय निजामती सेवा विधेयक, २०८१ सम्बन्धी प्रतिवेदन (मस्यौदा)

१. सङ्घीय निजामती सेवा विधेयक, २०८१ (यसपछि "विधेयक" भनिएको) को प्रस्तावनामा रहेका "विकास गर्न" भन्ने शब्दहरूको सट्टा "विकासका लागि आवश्यक व्यवस्था गर्न" भन्ने शब्दहरू राख्ने।

२. विधेयकको दफा २ को खण्ड (छ) मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार," भन्ने शब्दहरू राख्ने।

३. विधेयकको दफा ३ को उपदफा (२) मा रहेका "यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा" भन्ने शब्दहरूको सट्टा "यस ऐनमा" भन्ने शब्दहरू राख्ने।

४. विधेयकको दफा ४ को उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपी त्यसपछिका खण्डक्रम मिलाउनेः-

"(घ) सङ्घीय निजामती सेवा क्षतिपूर्ति सहितको सेवा सुनिश्चितताको सिद्धान्तमा आधारित हुने,"

५. विधेयकको दफा ५ को,-

(१) उपदफा (२) मा रहेको "तोकिएका" भन्ने शब्द झिक्ने।

(२) उपदफा (३) लाई संशोधन गरेको प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन (यसपछि "प्रतिवेदन" भनिएको) को बुँदा ४ को उपबुँदा (२) झिक्ने।

(३) उपदफा (४), (५) र (६) झिकी उपदफा (४) लाई संशोधन गरेको प्रतिवेदनको बुँदा ४ को उपबुँदा (३) झिक्ने।

६. विधेयकको दफा ६ को,-

(१) उपदफा (१) को खण्ड (क) लाई संशोधन गरेको प्रतिवेदनको बुँदा ५ को उपबुँदा (१) झिक्ने।

(२) उपदफा (२) को खण्ड (क) र (ख) लाई संशोधन गरेको प्रतिवेदनको बुँदा ५ को उपबुँदा (२) झिक्ने।

(३) उपदफा (५) झिक्ने।

७. विधेयकको दफा ७ को,-

(१) उपदफा (३) मा रहेको "तोकिएबमोजिम" भन्ने शब्द झिक्ने।

(२) उपदफा (४) को,

(क) खण्ड (क) मा रहेका "मुख्य सचिव र" भन्ने शब्दहरूको सट्टा "मुख्य सचिवले प्रधानमन्त्रीसँग र सर्वोच्च अदालतको मुख्य रजिष्ट्रारले प्रधानन्यायाधीशसँग तथा" भन्ने शब्दहरू राख्ने।

(ख) खण्ड (घ) मा रहेको "सचिवसँग" भन्ने शब्दको सट्टा "कर्मचारीसँग" भन्ने शब्द राख्ने।

(३) उपदफा (५) को खण्ड (ङ) मा रहेको "तोकिएको" भन्ने शब्दको सट्टा "निर्धारित" भन्ने शब्द राख्ने।

८. विधेयकको दफा ९ को,-

(१) उपदफा (१) मा रहेको "तोकिएबमोजिमको" भन्ने शब्द झिक्ने।

(२) उपदफा (२) मा रहेको "कार्यबोझ," भन्ने शब्दपछि "कार्यविवरण, अपेक्षित परिणाम," भन्ने शब्दहरू थप्ने।

(३) उपदफा (५) मा रहेका "नेपाल सरकारको" भन्ने शब्दको सट्टा "नेपाल सरकार," भन्ने शब्दहरू राख्ने।

(४) उपदफा (९) मा रहेको "तोकिएबमोजिमको" भन्ने शब्दको सट्टा "एक" भन्ने शब्द राख्ने।

९. विधेयकको दफा १० को,-

(१) उपदफा (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखी यस उपदफालाई संशोधन गरेको प्रतिवेदनको बुँदा ९ को उपबुँदा (१) ले राखेको खण्ड (ज) को सट्टा विधेयकमा प्रस्तावित खण्ड (ज) कायम राख्नेः-

| | | | | | |
|---|---|---|---|---|---|
| "(ङ) | राजपत्र अनङ्कित प्रथम श्रेणी | सहायक पाँचौं | १०% | १०% | ८०%" |

(२) उपदफा (२) मा रहेका "सात वर्ष" भन्ने शब्दहरूको सट्टा "छ वर्ष" भन्ने शब्दहरू र "दश वर्षको" भन्ने शब्दहरूको सट्टा "आठ वर्षको" भन्ने शब्दहरू राखी यस उपदफालाई संशोधन गरेको प्रतिवेदनको बुँदा ९ को उपबुँदा (२) झिक्ने।

(३) उपदफा (५) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नेः-

"(ख) विज्ञापन भएको मितिभन्दा अघिल्लो दिनसम्ममा राजपत्र अनङ्कित पदका लागि पाँच वर्ष र राजपत्राङ्कित पदका लागि सात वर्ष सेवा अवधि पूरा गरेको,"

(४) उपदफा (१३) प्रतिवेदन अनुसार कायम भएको उपदफा (१४) मा रहेका "दफा ११३" भन्ने शब्दहरूको सट्टा "दफा ११४" भन्ने शब्दहरू राख्ने।

१०. विधेयकको दफा ११ को,-

(१) उपदफा (१) मा रहेका "निजामती सेवालाई" भन्ने शब्दहरूको सट्टा "सङ्घीय निजामती सेवालाई" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (३) को स्पष्टीकरणमा रहेका "तोकिएबमोजिम भन्दा" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारले निर्धारण गरेभन्दा" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (९) मा रहेका रहेका "तोकिएबमोजिमका अपाङ्गता भएका व्यक्तिहरूवीच मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रतिस्पर्धात्मक परीक्षाद्वारा" भन्ने शब्दहरूको सट्टा "खास प्रकृतिका अपाङ्गता भएका व्यक्तिले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रतियोगितात्मक परीक्षाद्वारा" भन्ने शब्दहरू राख्ने।

(४) उपदफा (११) मा रहेको "तोकिएबमोजिमको" भन्ने शब्द झिक्ने।

११. विधेयकको दफा १५ को उपदफा (४) मा प्रतिवेदनको बुँदा ११ ले थपेको प्रतिबन्धात्मक वाक्यांशमा रहेको "बाटाको" भन्ने शब्दको सट्टा "बाटोको" भन्ने शब्द राख्ने।

१२. विधेयकको दफा १६ को उपदफा (३) झिक्ने।

१३. विधेयकको दफा १७ को उपदफा (१) मा रहेका "तोकिएको ढाँचामा" भन्ने शब्दहरू झिक्ने।

१४. विधेयकको दफा १८ को,-

(१) उपदफा (१) को खण्ड (ग) को प्रतिबन्धात्मक प्रवन्धको क्रमसंङ्ख्या (२) मा रहेको "नवौं" भन्ने शब्दपछि "र अधिकृत एघारौं" भन्ने शब्दहरू थप्ने।

(२) उपदफा (१) को खण्ड (घ) मा रहेको "तोकिएबमोजिमको" भन्ने शब्दको सट्टा "सम्वन्धित पदको लागि आवश्यक" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (२) को खण्ड (क) मा रहेको "अपराध," भन्ने शब्दको सट्टा "कसुर," भन्ने शब्द र "बहुविवाह" भन्ने शब्दको सट्टा "बहुविवाह, जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव सम्वन्धी कसुर" भन्ने शब्दहरू राख्ने।

१५. विधेयकको दफा २२ मा रहेको "तोकिएबमोजिम" भन्ने शब्दको सट्टा "अनुसूची बमोजिम" भन्ने शब्दहरू राख्ने।

१६. विधेयकको दफा २३ को उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्ने:-

"तर नियुक्ति वदर गर्नुअघि निजलाई सफाइ पेश गर्ने मनासिव मौका प्रदान गरिनेछ।"

१७. विधेयकको दफा २४ को सट्टा प्रतिवेदनको बुँदा १८ ले राखेको दफा २४ को,-

(१) उपदफा (१) को खण्ड (क) मा रहेको "पन्ध्रौं" भन्ने शब्दको सट्टा "चौधौं" भन्ने शब्द राख्ने।

(२) उपदफा (१) को खण्ड (ख) मा रहेको "चौधौं" भन्ने शब्दको सट्टा "तेह्रौं" भन्ने शब्द राख्ने।

(३) उपदफा (२) मा रहेको "निजहरू" भन्ने शब्दपछि "उमेरका कारणले अनिवार्य अवकाश भएकोमा बाहेक" भन्ने शब्दहरू थप्ने।

१८. विधेयकको दफा २६ को,-

(१) उपदफा (९) प्रतिवेदन अनुसार कायम भएको उपदफा (१०) मा रहेका "तोकिएबमोजिमका आधारमा" भन्ने शब्दहरू झिक्ने।

(२) उपदफा (१४) प्रतिवेदन अनुसार कायम भएको उपदफा (१५) मा रहेका "यस दफा विपरीत सरुवा गर्ने" भन्ने शब्दहरूको सट्टा "उपदफा (१४) बमोजिम सरुवा बदर भएकोमा त्यस्तो सरुवा गर्ने" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (२०) प्रतिवेदन अनुसार कायम भएको उपदफा (२१) झिक्ने।

१९. विधेयकको दफा २७ को उपदफा (४) मा रहेको "खाने" भन्ने शब्दको सट्टा "पाउने" भन्ने शब्द राख्ने।

२०. विधेयकको दफा २८ को,-

(१) उपदफा (१) मा रहेका "देहायबमोजिमका बढुवा समिति रहनेछन्" भन्ने शब्दहरूको सट्टा "देहाय बमोजिमको बढुवा समिति रहनेछ" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (२) मा रहेको "देहायबमोजिमका" भन्ने शब्दको सट्टा "देहाय बमोजिमको" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (५) मा रहेको "तोकिएबमोजिमको बढुवा समिति रहनेछ" भन्ने शब्दहरूको सट्टा "सेवा, समूह र उपसमूह अनुसारका बढुवा समिति रहनेछन्" भन्ने शब्दहरू राख्ने।

२१. प्रतिवेदनको बुँदा २१ र सो अन्तर्गका सबै उपबुँदाहरू झिकी विधेयकको दफा २९ को,-

(१) उपदफा (२) मा रहेका "बीस प्रतिशत" भन्ने शब्दहरुको सट्टा "चालिस प्रतिशत" भन्ने शब्दहरू र "दफा ११३" भन्ने शब्दहरूको सट्टा "दफा ११४" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (३) मा रहेका "असी प्रतिशत" भन्ने शब्दहरूको सट्टा "साठी प्रतिशत" भन्ने शब्दहरू र "दफा ११३" भन्ने शब्दहरूको सट्टा "दफा ११४" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (६) मा रहेका "बढुवा गर्दा देहायको सेवाका अधिकृत तेह्रौ तहको पदमा" भन्ने शब्दहरूको सट्टा "अधिकृत तेह्रौं तहको पदमा बढुवा गर्दा" भन्ने शब्दहरू राख्ने।

(४) उपदफा (७) मा रहेका "उपदफा (२) र (३)" भन्ने शब्दहरूको सट्टा "उपदफा (२), (३) र (६)" भन्ने शब्दहरू राखी "गरेका" भन्ने शब्दपछि "सम्बन्धित सेवाका निजामती", भन्ने शब्दहरू थप्ने।

(५) उपदफा (७) पछि देहायको उपदफा (८) थपी त्यसपछिका उपदफाक्रम मिलाउनेः-

"(८) उपदफा (२) को प्रयोजनको लागि सम्बन्धित निजामती कर्मचारीको अधिकृत बाह्रौं र अधिकृत एघारौं तहको गरी पछिल्लो सात वर्षको कार्यसम्पादन मूल्याङ्कनलाई आधार लिनु पर्नेछ।"

(६) उपदफा (१०) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (११) मा रहेको "तालिमसमेत" भन्ने शब्दको सट्टा "तालिम" भन्ने शब्द राखी प्रतिबन्धात्मक वाक्यांशमा रहेका "मनासिब कारण परेको" भन्ने शब्दहरूको सट्टा "वस्तुगत आधारमा मनासिब देखिएको" भन्ने शब्दहरू राख्ने।

२२. विधेयकको दफा ३० को उपदफा (२) को सुरूमा "उपदफा (१) को प्रयोजनका लागि" भन्ने शब्दहरू थप्ने।

२३. विधेयकको दफा ३१ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

"(१) दफा ३० मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निजामती कर्मचारी दफा ११४ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) वा (ङ) बमोजिम नकारात्मक सूचीमा रहेको अवस्थामा सो अवधिभर बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन।"

२४. विधेयकको दफा ३२ को उपदफा (२) मा रहेका "बढुवा भएको ज्येष्ठता" भन्ने शब्दहरूको सट्टा "बढुवा भएको पदको ज्येष्ठता" भन्ने शब्दहरू राख्ने।

२५. विधेयकको दफा ३३ को,-

(१) उपदफा (१) मा रहेको "ज्येष्ठ" भन्ने शब्दको सट्टा "सबैभन्दा बढी सेवा अवधि भएको ज्येष्ठ" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (२) को सट्टा प्रतिवेदनको बुँदा २२ को उपबुँदा (२) ले राखेको उपदफा (२) को खण्ड (ख) मा रहेको "बमोजिमसमेत" भन्ने शब्दको सट्टा "बमोजिम" भन्ने शब्द राख्ने।

२६. विधेयकको दफा ३४ को,-

(१) उपदफा (१) मा रहेको "तोकिएबमोजिमको" भन्ने शब्द झिक्ने।

(२) उपदफा (३) मा रहेको "पुनरावलोकनकर्ता," भन्ने शब्दको सट्टा "पुनरावलोकनकर्ता र" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (५) मा रहेको "लोक सेवा आयोग," भन्ने शब्दको सट्टा "लोक सेवा आयोग र" भन्ने शब्दहरू राखे।

(४) उपदफा (६) मा रहेका "गरी गराई" भन्ने शब्दहरूको सट्टा "गरी, गराई" भन्ने शब्दहरू र "तोकिएको अवधिभित्र" भन्ने शब्दहरूको सट्टा "निर्धारित अवधिभित्र" भन्ने शब्दहरू राखे।

(५) उपदफा (७) मा रहेका "तोकिएको अवधिभित्र" भन्ने शब्दहरूको सट्टा "निर्धारित अवधिभित्र" भन्ने शब्दहरू राखे ।

(६) उपदफा (८) मा रहेका "तोकिएको समयावधिभित्र" भन्ने शब्दहरूको सट्टा "निर्धारित समयावधिभित्र" भन्ने शब्दहरू र "तोकिएको समयावधि" भन्ने शब्दहरूको सट्टा "त्यस्तो समयावधि" भन्ने शब्दहरू राखे।

(७) उपदफा (१५) मा रहेका "तोकिए बमोजिमको अधिकारी" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित अधिकारी" भन्ने शब्दहरू र "तोकिएबमोजिम संशोधन" भन्ने शब्दहरूको सट्टा "संशोधन" भन्ने शब्द राखे।

(८) उपदफा (१६) मा रहेका "तोकिएको" भन्ने शब्दहरूको सट्टा "निर्धारित" भन्ने शब्द राखे।

(९) उपदफा (१८) मा रहेका "दफा १३८" भन्ने शब्दहरूको सट्टा "दफा १३९" भन्ने शब्दहरू राखे।

२७. विधेयकको दफा ३५ को उपदफा (१) को सट्टा प्रतिवेदनको बुँदा २३ को उपबुँदा (१) ले राखेको उपदफा (१) मा रहेको "स्थिति," भन्ने शब्दपछि "मानव विकास सूचकाङ्क," भन्ने शब्दहरू थपी यसैमा रहेका "तोकिए बमोजिम" भन्ने शब्दहरू झिक्ने।

२८. विधेयकको दफा ३६ को,-

(१) उपदफा (१) मा रहेको "तोकिएको" भन्ने शब्दको सट्टा "आवश्यक न्यूनतम" भन्ने शब्दहरू राखे।

(२) उपदफा (५) मा रहेको "तोकिएबमोजिमको" भन्ने शब्द झिक्ने।

२९. विधेयकको दफा ३७ को उपदफा (१) मा रहेको "तोकिएबमोजिम" भन्ने शब्द झिक्ने।

३०. विधेयकको दफा ४० को उपदफा (१) मा रहेका "दफा ५८" भन्ने शब्दहरूको सट्टा "दफा ५९" भन्ने शब्दहरू राखे।

३१. विधेयकको दफा ४१ मा रहेका "संशोधित व्यवस्था" भन्ने शब्दहरू झिक्ने।

३२. विधेयकको दफा ४२ को,-

(१) उपदफा (१) मा रहेका "दफा ११३" भन्ने शब्दहरूको सट्टा "दफा ११४" भन्ने शब्दहरू राखे।

(२) उपदफा (४) पछि प्रतिवेदनको बुँदा २७ ले थपेको उपदफा (५) मा रहेका "भोलिपल्टको मितिबाट" भन्ने शब्दहरूको सट्टा "भोलिपल्टबाट" भन्ने शब्द राखे।

(३) उपदफा (५) प्रतिवेदन अनुसार कायम भएको उपदफा (६) झिक्ने।

३३. विधेयकको दफा ४३ को उपदफा (४) मा रहेका "दफा ११३" भन्ने शब्दहरूको सट्टा "दफा ११४" भन्ने शब्दहरू राखे।

३४. विधेयकको दफा ४५ को उपदफा (४) मा रहेको "तोकिएबमोजिम" भन्ने शब्दको सट्टा "तह अनुसार अधिकतम सङ्ख्या फरक हुने गरी" भन्ने शब्दहरू राखे।

३५. विधेयकको दफा ५० को उपदफा (४) र (५) मा रहेको "तोकिएबमोजिम" भन्ने शब्द झिक्ने।

३६. विधेयकको दफा ५२ मा रहेका "प्रचलित कानूनबमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषसँग" भन्ने शब्दहरूको सट्टा "स्वास्थ्य बीमा सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य बीमा बोर्डसँग" भन्ने शब्दहरू राखे।

३७. विधेयकको दफा ५३ को उपदफा (२) मा रहेका "कर्मचारी सञ्चय कोष वा नागरिक लगानी कोषसँग" भन्ने शब्दहरूको सट्टा "कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा कोष वा नागरिक लगानी कोषसँग" भन्ने शब्दहरू राखी यस उपदफालाई संशोधन गरेको प्रतिवेदनको बुँदा ३१ झिक्ने।

३८. विधेयकको दफा ५४ को,-

(१) उपदफा (१) मा रहेको "तोकिएबमोजिम" भन्ने शब्दको सट्टा "नेपाल सरकारले तोके बमोजिम" भन्ने शब्दहरू राखे।

(२) उपदफा (२) मा रहेका "कर्मचारी सञ्चय कोष वा नागरिक लगानी कोषसँग" भन्ने शब्दहरूको सट्टा "कर्मचारी सञ्चय कोष, सामाजिक सुरक्षा कोष वा नागरिक लगानी कोषसँग" भन्ने शब्दहरू राखी यस उपदफालाई संशोधन गरेको प्रतिवेदनको बुँदा ३२ झिक्ने।

३९. विधेयकको दफा ५५ मा रहेका "तोकिएबमोजिमको रकम एकमुष्ट विशेष आर्थिक सुविधा" भन्ने शब्दहरूको सट्टा "विशेष आर्थिक सुविधास्वरूप एकमुष्ट रकम" भन्ने शब्दहरू राखे।

४०. विधेयकको दफा ५६ मा रहेका "दफा ६२ र ६३" भन्ने शब्दहरूको सट्टा "दफा ६३ र ६४" भन्ने शब्दहरू राखे।

४१. विधेयकको दफा ५७ को,-

(१) उपदफा (१) मा रहेका "तोकिए बमोजिमको" भन्ने शब्दहरू झिक्ने।

(२) उपदफा (४), (५), (६), (७) र (८) तथा उपदफा (७) लाई संशोधन गरेको प्रतिवेदनको बुँदा ३३ को उपबुँदा (२) झिक्ने।

४२. विधेयकको दफा ५७ पछि देहायको दफा ५८ थपी त्यसपछिका दफाक्रम मिलाउनेः-

"५८. <u>तलब तथा सुविधा पुनरावलोकन तथा सिफारिस समिति</u>: (१) निजामती कर्मचारीको तलव, भत्ता तथा सुविधा वार्षिक रूपमा पुनरावलोकन गरी सिफारिस गर्न देहाय बमोजिमको तलब तथा सुविधा पुनरावलोकन तथा सिफारिस समिति रहनेछः-

(क) नेपाल सरकारको मुख्य सचिव - अध्यक्ष

(ख) अर्थ मन्त्रालयको सचिव, - सदस्य

(ग) मन्त्रालयको सचिव - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिमा विषयसँग सम्वन्धित विज्ञ वा सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ।

(३) मन्त्रालयको सचिवले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीले उपदफा (१) बमोजिमको समितिको सचिवको रूपमा काम गर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले प्रत्येक वर्ष उपभोक्ता मूल्य सूचीको आधारमा महँगी भत्ता तथा आर्थिक वृद्धिदर, कूल दरवन्दी सङ्ख्या, नेपाल सरकारको आर्थिक स्रोत र क्षमता तथा तत्काल प्रदान गरिँदै आएको महँगी भत्ता समेतलाई आधार बनाई तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन गरी सिफारिस गर्नेछ र सो सिफारिसलाई समेत आधार मानी नेपाल सरकारले निजामती कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिको सचिवालय मन्त्रालयमा रहनेछ।"

४३. विधेयकको दफा ६१ दफाक्रम मिलाउँदा कायम हुने दफा ६२ मा रहेका "उमेरको हद पचपन्न वर्ष" भन्ने शब्दहरूको सट्टा "पचपन्न वर्ष उमेर" भन्ने शब्दहरू राखे।

४४. विधेयकको दफा ६३ दफाक्रम मिलाउँदा कायम हुने दफा ६४ को,-

(१) उपदफा (३) को सट्टा प्रतिवेदनको बुँदा ३५ को उपबुँदा (१) ले राखेको उपदफा (३) मा रहेका "दफा ५८" भन्ने शब्दहरूको सट्टा "दफा ५९" भन्ने शब्दहरू राखे।

(२) उपदफा (६) लाई संशोधन गरेको प्रतिवेदनको बुँदा ३५ को उपबुँदा (२) ले सट्टामा राखेका शब्दहरूमध्ये "दफा ५८" भन्ने शब्दहरूको सट्टा "दफा ५९" भन्ने शब्दहरू राखे।

(३) उपदफा (७) मा रहेका "दफा ६४ वा ६७" भन्ने शब्दहरूको सट्टा "दफा ६५ वा ६८" भन्ने शब्दहरू राखे।

(४) उपदफा (८) झिक्ने।

४५. विधेयकको दफा ६४ दफाक्रम मिलाउँदा कायम हुने दफा ६५ को,-

(१) उपदफा (१) मा रहेका "दफा ६२ वा ६३" भन्ने शब्दहरूको सट्टा "दफा ६३ वा ६४" भन्ने शब्दहरू राखे।

(२) उपदफा (७) झिक्ने।

४६. विधेयकको दफा ६६ दफाक्रम मिलाउँदा कायम हुने दफा ६७ को,-

(१) उपदफा (१) मा रहेका "दफा ६२ वा ६३" भन्ने शब्दहरूको सट्टा "दफा ६३ वा ६४" भन्ने शब्दहरू र "दफा ६४" भन्ने शब्दहरूको सट्टा "दफा ६५" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (३) मा रहेका "दफा ६२" भन्ने शब्दहरूको सट्टा "दफा ६३" भन्ने शब्दहरू र "दफा ६३" भन्ने शब्दहरूको सट्टा "दफा ६४" भन्ने शब्दहरू राख्ने।

४७. विधेयकको दफा ६७ दफाक्रम मिलाउँदा कायम हुने दफा ६८ को,-

(१) उपदफा (१) मा रहेका "तत्काल मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा" भन्ने शब्दहरूको सट्टा "तत्काल वा निको नभई सोही कारणबाट मृत्यु भएमा" भन्ने शब्दहरू र "दफ़ा ६३" भन्ने शब्दहरूको सट्टा "दफा ६४" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (२) मा रहेका "दफा ६४" भन्ने शब्दहरूको सट्टा "दफा ६५" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (३) मा रहेको "तोकिएबमोजिम" भन्ने शब्दको सट्टा "दामासाहीले" भन्ने शब्द राख्ने।

४८. विधेयकको दफा ६८ दफाक्रम मिलाउँदा कायम हुने दफा ६९ को उपदफा (१) मा रहेको "अपराध," भन्ने शब्दको सट्टा "कसुर," भन्ने शब्द र "वहुविवाह" भन्ने शब्दको सट्टा "वहुविवाह, जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव सम्बन्धी कसुर" भन्ने शब्दहरू राख्ने।

४९. विधेयकको दफा ६९ दफाक्रम मिलाउँदा कायम हुने दफा ७० को,-

(१) उपदफा (४) मा रहेका "दफा ६०, ६१, ६२, ६३, ६४, ६६ र ६७" भन्ने शब्दहरूको सट्टा "दफा ६१, ६२, ६३, ६४, ६५, ६७ र ६८" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (५) को सट्टा प्रतिवेदनको बुँदा ३८ ले राखेको उपदफा (५) मा रहेका "दफा ६७" भन्ने शब्दहरूको सट्टा "दफा ६८" भन्ने शब्दहरू राख्ने।

५०. विधेयकको दफा ७० दफाक्रम मिलाउँदा कायम हुने दफा ७१ को उपदफा (५) झिक्ने।

५१. विधेयकको दफा ७१ दफाक्रम मिलाउँदा कायम हुने दफा ७२ को उपदफा (३) रहेको "भ्रमणको" भन्ने शब्दहरूको सट्टा "भ्रमण वा छात्रवृत्तिको" भन्ने शब्दहरू राख्ने।

५२. विधेयकको दफा ७३ दफाक्रम मिलाउँदा कायम हुने दफा ७४ को उपदफा (१) र (८) मा रहेका "दफा ७२" भन्ने शब्दहरूको सट्टा "दफा ७३" भन्ने शब्दहरू राख्ने।

५३. विधेयकको दफा ७४ दफाक्रम मिलाउँदा कायम हुने दफा ७५ मा रहेका "पहिले विदाको स्वीकृति" भन्ने शब्दहरूको सट्टा "विदाको पूर्वस्वीकृति" भन्ने शब्दहरू राखे।

५४. विधेयकको दफा ७७ दफाक्रम मिलाउँदा कायम हुने दफा ७८ मा रहेका "पेसागत सङ्गठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा" भन्ने शब्दहरूको सट्टा "सङ्गठनको सदस्यता लिन वा राजनीतिक गतिविधिमा" भन्ने शब्दहरू राखे।

५५. विधेयकको दफा ७८ दफाक्रम मिलाउँदा कायम हुने दफा ७९ को दफाशीर्षकमा रहेको "आलोचना" भन्ने शब्दको सट्टा "नीति विपरीत कार्य" भन्ने शब्दहरू राखे।

५६. विधेयकको दफा ७९ दफाक्रम मिलाउँदा कायम हुने दफा ८० को दफाशीर्षकमा रहेका "समाचार प्रकाश गर्नमा प्रतिबन्ध" भन्ने शब्दहरूको सट्टा "विषय प्रकाश गर्न नहुने" भन्ने शब्द राखी उपदफा (१) मा रहेको "समाचार" भन्ने शब्दको सट्टा "सूचना वा जानकारी" भन्ने शब्दहरू राखे।

५७. विधेयकको दफा ८० दफाक्रम मिलाउँदा कायम हुने दफा ८१ को दफाशीर्षकमा रहेका "लिनमा प्रतिबन्ध" भन्ने शब्दहरूको "लिन नहुने" भन्ने शब्दहरू राखी उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "कुनै कार्यक्रमको अन्त्यमा औपचारिक रूपमा प्रदान गरिने मायाको चिनो" भन्ने शब्दहरूको सट्टा "मायाको चिनो प्रदान गरिएकोमा सो" भन्ने शब्दहरू राखे।

५८. विधेयकको दफा ८२ दफाक्रम मिलाउँदा कायम हुने दफा ८३ को,-

(१) उपदफा (३) पछि प्रतिवेदनको बुँदा ४३ को उपबुँदा (१) ले थपेको उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखेः-

"(४) सङ्घीय निजामती सेवा वा अन्य सरकारी सेवाको राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणीको पदबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले राजीनामा स्वीकृत भएको वा सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक, कुटनीतिक वा अन्य सरकारी पदमा नियुक्ति पाउने छैन।"

(२) उपदफा (४) प्रतिवेदन अनुसार कायम भएको उपदफा (५) मा रहेका "राजपत्राङ्कित विशिष्ट श्रेणी वा प्रथम श्रेणीको" भन्ने शब्दहरूको सट्टा "राजपत्राङ्कित श्रेणीको" भन्ने शब्दहरू राखी खण्ड (क) झिकी त्यसपछिका खण्डक्रम मिलाउने।

५९. विधेयकको दफा ८४ दफाक्रम मिलाउँदा कायम हुने दफा ८५ को दफाशीर्षकमा रहेको "प्रतिबन्ध" भन्ने शब्दको सट्टा "नहुने" भन्ने शब्द राखे।

६०. विधेयकको दफा ९२ दफाक्रम मिलाउँदा कायम हुने दफा ९३ को खण्ड (ङ) मा रहेको "छरितो र" भन्ने शब्दहरूपछि "निर्धारित समयमा" भन्ने शब्दहरू थप्ने।

६१. विधेयकको दफा ९४ दफाक्रम मिलाउँदा कायम हुने दफा ९५ को खण्ड (क) मा रहेको "अपराध," भन्ने शब्दको सट्टा "कसुर," भन्ने शब्द र "बहुविवाह" भन्ने शब्दको सट्टा "बहुविवाह, जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव सम्बन्धी कसुर" भन्ने शब्दहरू राख्ने।

६२. विधेयकको दफा ९८ दफाक्रम मिलाउँदा कायम हुने दफा ९९ को,-

(१) उपदफा (१) को खण्ड (च) मा रहेका "दफा १००" भन्ने शब्दहरूको सट्टा "दफा १०१" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (१) को खण्ड (छ) मा रहेका "दफा १२५" भन्ने शब्दहरूको सट्टा "दफा १२६" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (२) मा रहेका "दफा १२५" भन्ने शब्दहरूको सट्टा "दफा १२६" भन्ने शब्दहरू र "दफा ९९" भन्ने शब्दहरूको सट्टा "दफा १००" भन्ने शब्दहरू राख्ने।

६३. विधेयकको दफा ९९ दफाक्रम मिलाउँदा कायम हुने दफा १०० को,-

(१) उपदफा (१) को खण्ड (घ) मा रहेका "दफा ९८ वा १०० बमोजिम सजाय हुने वा दफा १२५ बमोजिम" भन्ने शब्दहरूको सट्टा "दफा ९९ वा १०१ बमोजिम सजाय हुने वा दफा १२६ बमोजिम" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (१) को खण्ड (ङ) मा रहेका "दफा १४४" भन्ने शब्दहरूको सट्टा "दफा १४५" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (१) को खण्ड (ड) मा रहेका "दफा ९८" भन्ने शब्दहरूको सट्टा "दफा ९९" भन्ने शब्दहरू राख्ने।

(४) उपदफा (१) को खण्ड (ढ) मा रहेका "दफा १००" भन्ने शब्दहरूको सट्टा "दफा १०१" भन्ने शब्दहरू राख्ने।

(५) उपदफा (३) मा रहेका "दफा ९८" भन्ने शब्दहरूको सट्टा "दफा ९९" भन्ने शब्दहरू र "दफा १००" भन्ने शब्दहरूको सट्टा "दफा १०१" भन्ने शब्दहरू राख्ने।

६४. विधेयकको दफा १०० दफाक्रम मिलाउँदा कायम हुने दफा १०१ को,-

(१) उपदफा (१) को खण्ड (क) मा रहेको "पेसागत" भन्ने शब्द झिक्ने।

(२) उपदफा (१) को खण्ड (ङ) मा रहेका "दफा ९९" भन्ने शब्दहरूको सट्टा "दफा १००" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (२) को खण्ड (क) मा रहेको "अपराध," भन्ने शब्दको सट्टा "कसुर," भन्ने शब्द राख्ने।

६५. विधेयकको दफा १०१ दफाक्रम मिलाउँदा कायम हुने दफा १०२ को उपदफा (२), (३) र (४) मा रहेका "दफा १००" भन्ने शब्दहरूको सट्टा "दफा १०१" भन्ने शब्दहरू राखे।

६६. विधेयकको दफा १०२ दफाक्रम मिलाउँदा कायम हुने दफा १०३ को उपदफा (१) र (२) मा रहेका "दफा ९७" भन्ने शब्दहरूको सट्टा "दफा ९८" भन्ने शब्दहरू राखे।

६७. विधेयकको दफा १०३ दफाक्रम मिलाउँदा कायम हुने दफा १०४ को,-

(१) उपदफा (१) मा रहेका "दफा १००" भन्ने शब्दहरूको सट्टा "दफा १०१" भन्ने शब्दहरू राखे।

(२) उपदफा (४) मा रहेको "अपराध," भन्ने शब्दको सट्टा "कसुर," भन्ने शब्द राखे।

६८. विधेयकको दफा १०४ दफाक्रम मिलाउँदा कायम हुने दफा १०५ मा रहेका "दफा १०३" भन्ने शब्दहरूको सट्टा "दफा १०४" भन्ने शब्दहरू राखे।

६९. विधेयकको दफा १०५ दफाक्रम मिलाउँदा कायम हुने दफा १०६ को उपदफा (५) झिक्ने।

७०. विधेयकको दफा १०६ दफाक्रम मिलाउँदा कायम हुने दफा १०७ मा रहेका "दफा ९७" भन्ने शब्दहरूको सट्टा "दफा ९८" भन्ने शब्दहरू र "दफा १०५" भन्ने शब्दहरूको सट्टा "दफा १०६" भन्ने शब्दहरू राखे।

७१. विधेयकको दफा १०७ दफाक्रम मिलाउँदा कायमं हुने दफा १०८ को उपदफा (१) मा रहेका "दफा १०५" भन्ने शब्दहरूको सट्टा "दफा १०६" भन्ने शब्दहरू र "दफा १०६" भन्ने शब्दहरूको सट्टा "दफा १०७" भन्ने शब्दहरू राखे।

७२. विधेयकको दफा १०८ दफाक्रम मिलाउँदा कायम हुने दफा १०९ को उपदफा (१) मा रहेका "दफा १०७" भन्ने शब्दहरूको सट्टा "दफा १०८" भन्ने शब्दहरू राखे।

७३. विधेयकको दफा १०९ दफाक्रम मिलाउँदा कायम हुने दफा ११० को उपदफा (१) मा रहेका "दफा ९१" भन्ने शब्दहरूको सट्टा "दफा ९२" भन्ने शब्दहरू राखे।

७४. विधेयकको दफा १११ को सट्टा प्रतिवेदनको बुँदा ५२ ले राखेको दफा १११ दफाक्रम मिलाउँदा कायम हुने दफा ११२ मा रहेका "सजाय दिने" भन्ने शब्दहरूको सट्टा "सजायको आदेश दिने" भन्ने शब्दहरू राखे।

७५. विधेयकको दफा ११३ दफाक्रम मिलाउँदा कायम हुने दफा ११४ को उपदफा (१) मा रहेको "देहायका" भन्ने शब्द झिक्ने।

७६. विधेयकको दफा ११५ दफाक्रम मिलाउँदा कायम हुने दफा ११६ को उपदफा (२) लाई संशोधन गरेको प्रतिवेदनको बुँदा ५४ झिक्ने।

७७. विधेयकको दफा ११७ दफाक्रम मिलाउँदा कायम हुने दफा ११८ को उपदफा (४) मा रहेको "सेवामा" भन्ने शब्दपछि "बढीमा" भन्ने शब्द थपी यसै उपदफामा देहायको प्रतिवन्धात्मक वक्यांश थप्ने:-

"तर सम्बन्धित स्थानीय तहको सेवामा दफा ११९ को उपदफा (२) बमोजिमभन्दा माथिल्लो तहको पद कायम हुन सक्ने छैन।"

७८. विधेयकको दफा ११८ दफाक्रम मिलाउँदा कायम हुने दफा ११९ को उपदफा (३) मा रहेको "भएको" भन्ने शब्दपछि "बढीमा" भन्ने शब्द थप्ने।

७९. विधेयकको दफा १२० दफाक्रम मिलाउँदा कायम हुने दफा १२१ को,-

(१) उपदफा (१) मा रहेका "निजामती सेवा," भन्ने शब्दहरूपछि "प्रदेश न्याय सेवा," भन्ने शब्दहरू थप्ने।

(२) उपदफा (२) को खण्ड (ज) मा रहेका "प्रदेश निजामती सेवा" भन्ने शब्दहरूको सट्टा "प्रदेश निजामती सेवा, प्रदेश न्याय सेवा, प्रदेशको अन्य सरकारी सेवा" भन्ने शब्दहरू र "निश्चित अवधिसम्म पूर्वस्वीकृति नलिई सरकारी नियुक्ति हुने पद बाहेक अन्यत्र नोकरी गर्न" भन्ने शब्दहरूको सट्टा "दुई वर्षसम्म संवैधानिक, कुटनीतिक वा अन्य सरकारी पदमा नियुक्त हुन र राजपत्राङ्कित श्रेणीको पदवाट सेवानिवृत्त भएको मितिले दुई वर्षसम्म अन्तर सरकारी निकाय वा अन्तर्राष्ट्रिय विकास साझेदार बाहेकका निकायवाट सञ्चालित आयोजनामा कर्मचारी वा परामर्शदाताका रूपमा काम गर्न वा अवकाश हुने पछिल्लो एक वर्षभित्र बहाल रहेंको निकायको कार्यक्षेत्रसँग सम्वन्धित रहेको संस्था वा त्यस्तो निकायले नियमन गर्ने संस्थाको कर्मचारी वा परामर्शदाताको रूपमा काम गर्न" भन्ने शब्दहरू राख्ने।

८०. विधेयकको दफा १२१ दफाक्रम मिलाउँदा कायम हुने दफा १२२ को उपदफा (२) मा रहेका "दफा ९६" भन्ने शब्दहरूको सट्टा "दफा ९७" भन्ने शब्दहरू राख्ने।

८१. विधेयकको दफा १२३ दफाक्रम मिलाउँदा कायम हुने दफा १२४ को,-

(१) उपदफा (१) को खण्ड (क) मा रहेको "संयोजक" भन्ने शब्दको सट्टा "अध्यक्ष" भन्ने शब्द राख्ने।

(२) उपदफा (१) को खण्ड (झ) मा रहेका "मनोनयन गरेका" भन्ने शब्दहरूको सट्टा "मनोनयन गरेको फरक समावेशी समूहको प्रतिनिधित्व हुने गरी" भन्ने शब्दहरू राख्ने।

(३) उपदफा (५) मा रहेका "तथा काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम" भन्ने शब्दहरूको सट्टा "सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम" भन्ने शब्दहरू राखे।

८२. विधेयकको दफा १२४ दफाक्रम मिलाउँदा कायम हुने दफा १२५ को सट्टा देहायको दफा १२५ राखेः-

"१२५. प्रशासन सुधार समितिको काम, कर्तव्य र अधिकारः (१) दफा १२४ बमोजिमको प्रशासन सुधार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सङ्घीय निजामती सेवाको प्रशासनिक संरचना, प्रणाली र प्रक्रियाको अध्ययन गरी सुधार गर्ने गराउने तथा कानूनी सुधारका लागि नेपाल सरकार समक्ष सुझाव पेस गर्ने,

(ख) मन्त्रालय, विभाग र निकायहरूको संरचना, जिम्मेवारी, भूमिका,कार्यक्षेत्र सम्बन्धी सुधारका उपाय सहित नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) सङ्घीय निजामती सेवाको मानव संशाधन व्यवस्थापन (दरबन्दी, पदस्थापन, अध्ययन तथा तालिम, पदोन्नति, सरुवा, सेवा, सुविधा) प्रणाली सुधारका कार्य गर्ने र सो सम्बन्धी कानूनी सुधारका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(घ) सङ्घीयता अनुरूप नेपालको प्रशासनिक संरचना, प्रणाली र प्रक्रियाको अध्ययन गरी सुधारका लागि नेपाल सरकार र प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ङ) सङ्घ, प्रदेश र स्थानीय तहबीचको प्रशासनिक अन्तरसम्बन्ध सुदृढ बनाउन गरिनु पर्ने सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने।

(२) समितिले सिफारिस गरेको सुधार कार्यान्वयनको प्रगति अवस्था सम्बन्धमा समितिले जानकारी लिन सक्नेछ।

(३) समितिले उपसमिति बनाई काम गर्न सक्नेछ।"

८३. विधेयकको दफा १२५ दफाक्रम मिलाउँदा कायम हुने दफा १२६ को खण्ड (ङ) मा रहेका "दफा १३८" भन्ने शब्दहरूको सट्टा "दफा १३९" भन्ने शब्दहरू राखे।

८४. विधेयकको दफा १२६ दफाक्रम मिलाउँदा कायम हुने दफा १२७ को,-

(१) उपदफा (१) मा रहका "विदाहरू तोकिएबमोजिम" भन्ने शब्दहरूको सट्टा "विदा" भन्ने शब्द राखे।

(२) उपदफा (१) को खण्ड (६) झिकेको प्रतिवेदनको बुँदा ६१ को उपबुँदा (२) मा रहेको "झिकी" भन्ने शब्दपछि "त्यसपछिका" भन्ने शब्दहरू थप्ने।

८५. विधेयकको दफा १२७ दफाक्रम मिलाउँदा कायम हुने दफा १२८ को उपदफा (१) मा रहेको "तोकिएबमोजिम" भन्ने शब्दको सट्टा "पाँच वर्षमा नबढ्ने गरी" भन्ने शब्दहरू राखे।

८६. विधेयकको दफा १२८ दफाक्रम मिलाउँदा कायम हुने दफा १२९ को उपदफा (१) मा रहेका "दफा ९७" भन्ने शब्दहरूको सट्टा "दफा ९८" भन्ने शब्दहरू, "दफा ६९" भन्ने शब्दहरूको सट्टा "दफा ७०" भन्ने शब्दहरू र प्रतिबन्धात्मक वाक्यांशमा रहेका "दफा १००" भन्ने शब्दहरूको सट्टा "दफा १०१" भन्ने शब्दहरू राखे.।

८७. विधेयकको दफा १२९ दफाक्रम मिलाउँदा कायम हुने दफा १३० मा रहेका "दफा ९७" भन्ने शब्दहरूको सट्टा "दफा ९८" भन्ने शब्दहरू राखे।

८८. विधेयकको दफा १३० दफाक्रम मिलाउँदा कायम हुने दफा १३१ को,-

(१) उपदफा (१) मा रहेका "दफा ९७" भन्ने शब्दहरूको सट्टा "दफा ९८" भन्ने शब्दहरू राखे।

(२) उपदफा (३) मा रहेका "दफा १००" भन्ने शब्दहरूको सट्टा "दफा १०१" भन्ने शब्दहरू राखे।

८९. विधेयकको दफा १३१ दफाक्रम मिलाउँदा कायम हुने दफा १३२ को,-

(१) उपदफा (३) को खण्ड (ग) झिक्ने।

(२) उपदफा (४) को,-

(क) खण्ड (क) मा रहेका "उपदफा (२) वा (३) बमोजिम गठित निजामती कर्मचारीको ट्रेड युनियनहरूको" भन्ने शब्दहरू झिक्ने।

(ख) खण्ड (ख) मा रहेका "निजामती कर्मचारीको ट्रेड युनियनले" भन्ने शब्दहरू झिक्ने।

(ग) खण्ड (ग) मा रहेका "निजामती कर्मचारीको ट्रेड युनियनलाई" भन्ने शब्दहरू झिक्ने।

(३) उपदफा (१०) मा रहेका "बीचको समन्वय तथा अन्तरसम्बन्ध सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ" भन्ने शब्दहरुको सट्टा "बीच समन्वय तथा अन्तरसम्बन्ध राख्न सक्नेछन्" भन्ने शब्दहरू राखे।

(४) उपदफा (१०) पछि देहायको उपदफा (११) थप्ने:-

"(११) निजामती कर्मचारीको ट्रेड युनियनले प्रदेश र स्थानीय तहमा आफ्ना गतिविधि गर्न पाउनेछन्।"

९०. विधेयकको दफा १३२ दफाक्रम मिलाउँदा कायम हुने दफा १३३ को दफाशीर्षकमा रहेका "<u>पिरमर्का, गुनासो र</u>" भन्ने शब्दहरूको सट्टा "<u>गुनासो</u>" भन्ने शब्द राखी,-

(१) उपदफा (१) मा रहेको "आफूलाई परेको पिरमर्का तथा गुनासो मन्त्रालयमा तोकिएबमोजिम" भन्ने शब्दहरूको सट्टा "आफ्नो गुनासो मन्त्रालयमा" भन्ने शब्दहरू राख्ने।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने:-

"(२) मन्त्रालयले उपदफा (१) बमोजिमको गुनासोको सुनुवाइ गर्नेछ।"

९१. विधेयकको दफा १३३ दफाक्रम मिलाउँदा कायम हुने दफा १३४ मा रहेका "तोकिएको अवधिभित्र" भन्ने शब्दहरू झिक्ने।

९२. विधेयकको दफा १३५ दफाक्रम मिलाउँदा कायम हुने दफा १३६ को दफाशीर्षकपछिको उपदफाक्रम "(१)" र उपदफा (२) झिक्ने।

९३. विधेयकको दफा १३६ दफाक्रम मिलाउँदा कायम हुने दफा १३७ को उपदफा (१) मा रहेका "निजामती सेवाबाट अवकाशप्राप्त गरी निवृत्तिभरण पाइरहेका कर्मचारीसँग" भन्ने शब्दहरूको सट्टा "निजामती सेवा वा अन्य सरकारी सेवाबाट अवकाशप्राप्त गरी निवृत्तिभरण पाइरहेका कर्मचारीसँग दफा ८३ को उपदफा (४) प्रतिकूल नहुने गरी" भन्ने शब्दहरू राख्ने।

९४. विधेयकको दफा १३७ दफाक्रम मिलाउँदा कायम हुने दफा १३८ को उपदफा (१) मा रहेको "तोकिएबमोजिमको" भन्ने शब्दहरू झिक्ने।

९५. विधेयकको दफा १३८ दफाक्रम मिलाउँदा कायम हुने दफा १३९ को उपदफा (५) झिक्ने।

९६. विधेयकको दफा १४० दफाक्रम मिलाउँदा कायम हुने दफा १४१ को उपदफा (२) मा रहेका "दफा १०५" भन्ने शब्दहरूको सट्टा "दफा १०६" भन्ने शब्दहरू राख्ने।

९७. विधेयकको दफा १४२ दफाक्रम मिलाउँदा कायम हुने दफा १४३ को दफाशीर्षकपछिको उपदफाक्रम "(१)" र उपदफा (२) झिक्ने।

९८. विधेयकको दफा १४३ दफाक्रम मिलाउँदा कायम हुने दफा १४४ मा रहेका "तोकिए बमोजिम" भन्ने शब्दहरू झिक्ने।

९९. विधेयकको दफा १४४ दफाक्रम मिलाउँदा कायम हुने दफा १४५ मा रहेका "निजामती कर्मचारीको" भन्ने शब्दहरूको सट्टा "निजामती कर्मचारी र सेवानिवृत्त कर्मचारीको समेत" भन्ने शब्दहरू राख्ने।

१००. विधेयकको दफा १४५ दफाक्रम मिलाउँदा कायम हुने दफा १४६ को सट्टा देहायको दफा १४६ राख्ने:-

"१४६. नियम बनाउन सक्ने: यस ऐनको कार्यान्वयनका लागि नेपाल सरकारले देहायका विषयमा नियम बनाउन सक्नेछ:-

(क) सूचना प्रविधि सेवामा समूहीकृत हुने नेपाल विविध सेवाका पदहरू,

(ख) सङ्घीय निजामती सेवा अन्तर्गतका सेवामा रहने पद, समूह तथा उपसमूह र सो अन्तर्गत रहने विभिन्न पदका लागि चाहिने न्यूनतम योग्यता,

(ग) संघीय निजामती सेवाको श्रेणी र तहमा रहने कर्मचारीको पदनाम,

(घ) कार्यसम्पादन सम्झौता,

(ङ) सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिको गठन,

(च) अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा अस्थायी दरबन्दी सिफारिस गर्ने समितिको गठन,

(छ) पिछडिएको क्षेत्रमा रहने स्थानीय तह,

(ज) कुनै खास प्रकृतिका अपाङ्गता भएका व्यक्तिले मात्र प्रतिस्पर्धा गर्न पाउने पद,

(झ) उम्मेदवारले दरखास्तसाथ पेस गर्नु पर्ने कागजात,

(ञ) शपथ, पदस्थापन र सरुवा,

(ट) कर्मचारीको व्यक्तिगत विवरण (सिटरोल) को ढाँचा,

(ठ) राजपत्र अनङ्कित पदमा बढुवाका लागि बढुवा सिफारिस समिति र सोको सचिवालय,

(ड) कार्यसम्पादन मूल्याङ्कनको ढाँचा र बुझाउनु पर्ने समयावधि,

(ढ) भौगोलिक क्षेत्र वर्गीकरण,

(ण) सम्बद्धता निर्धारण समिति,

(त) विद्युतीय माध्यमको प्रयोग,

(थ) कर्मचारीको तहवृद्धि,

(द) सङ्घीय निजामती सेवाको विभिन्न पदका कर्मचारीले पाउने तलबवृद्धि र सोको अधिकतम सीमा,

(ध) कर्मचारीको दुर्घटना बीमा र कर्मचारीको सन्ततीको लागि शैक्षिक बीमा,

(न) कर्मचारीलाई दिइने विशेष आर्थिक सुविधा,

(प) कर्मचारीको निवृत्तिभरण, पारिवारिक निवृत्तिभरण र उपदान

(फ) निजामती कर्मचारीलाई प्रदान गरिने तालिम तथा अभिमुखीकरण,

(ब) विभागीय सजायको आदेश दिने अधिकारी र जाँचबुझ प्रक्रिया,

(भ) कर्मचारीले पाउने बिदा र कबुलियत,

(म) प्रशासनिक सुधार समितिको काम, कर्तव्य र अधिकार,

(य) सङ्घीय निजामती सेवाको सेवा, समूह वा उपसमूहको सञ्चालन,

(र) ट्रेड युनियन अधिकार

(ल) कर्मचारीको गुनासो सुन्ने मन्त्रालयबाट सोको सुनुवाइ गर्ने,

(व) बरबुझारथ,

(श) कर्मचारी कल्याण कोषको स्थापना र सञ्चालन,

(ष) नेतृत्व परीक्षण सम्बन्धी,

(स) निजामती कर्मचारीको कार्यसम्पादन मापन,

(ह) व्यवस्थापन परीक्षण,

(क्ष) निजामती सेवा दिवस,

(त्र) निजामती सेवा पुरस्कार,

(ज्ञ) सङ्घीय निजामती सेवाका सर्त तथा सुविधा।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा नेपाल सरकारले सङ्घीय निजामती सेवाका सबै सेवामा सामान्य रूपले लागू हुने वा बेग्ला बेग्लै सेवाका लागि पृथक रूपले लागू हुने गरी बनाउन सक्नेछ।"

१०१. विधेयकमा देहायको अनुसूची थप्ने:-

अनुसूची
(दफा २२ सँग सम्बन्धित)
<u>शपथको ढाँचा</u>

म.........................................................................................................

ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दै निजामती कर्मचारीको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान विवेकले जाने बुझेसम्म इमान, धर्म तथा कर्तव्य सम्झी देश र सरकारप्रति वफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ लालच मोलाहिजा नगरी अनुशासनमा रही निजामती सेवा ऐन, २०८२ तथा प्रचलित कानूनको व्यवस्थाको अधीनमा रही आफ्नो कर्तव्यको पालन गर्नेछु। मलाई ज्ञात हुन आएको कुनै सरकारी

गोप्य कुरा अधिकृत व्यक्तिलाई बाहेक अरु कसैलाई म सेवामा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा संकेत गर्ने छैन।

**शपथ ग्रहण गर्ने कर्मचारी**

(क) नामः-

(ख) दस्तखतः-

(ग) मितिः-

(घ) सेवाः-

(ङ) समूह/उपसमूहः-

(च) श्रेणीः-

**शपथ ग्रहण गरेको प्रमाणित गर्ने अधिकारी**

(क) नामः-

(ख) दस्तखतः-

(ग) मितिः-

(घ) पद

(ङ) कार्यालय

(मनोज कुमार गिरी)
सचिव
मितिः २०८२/०५/१७

(तुलसा कुमारी दाहाल)
सभापति